# प्रतिवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय,
घोराही, दाङ।

**विषयः बुद्ध अस्पताल क्षेत्रको सवारी पार्किङ व्यवस्थापन सम्बन्धी अनुगमन तथा पहल बारे।**

हेलो सरकारमार्फत प्राप्त उजुरीको सम्बन्धमा घोराही उपमहानगरपालिका, उपभोक्ता हित संरक्षण शाखाबाट मिति २०८३/०१/२४ मा अनुगमन तथा आवश्यक पहल गरिएको व्यहोरा यस प्रतिवेदनमार्फत जानकारी गराइन्छ।

प्राप्त उजुरी अनुसार बुद्ध अस्पतालदेखि निमाहल रोड जोड्ने सडक खण्डमा विशेष गरी अस्पताल आसपास क्षेत्रमा मोटरसाइकल तथा अटो रिक्सा अव्यवस्थित रूपमा पार्किङ गरिँदा विद्यालय जाने तथा फर्कने समयमा विद्यार्थीहरू तथा सर्वसाधारणलाई आवागमनमा कठिनाइ भइरहेको भन्ने गुनासो रहेको थियो।

उक्त समस्याको समाधानका लागि नगरद्धारा जारि गरिएको स्थानिय वजार व्यवस्थापन तथा अनुगमन ऐन २०७८ मा भएको व्यवस्था बमोजिम यस शाखाको नेतृत्वमा जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, दाङ उद्योग वाणिज्य संघ, राजश्व व्यवस्थापन शाखा तथा घोराही उपमहानगरपालिकाको नगर प्रहरी टीम सहितको संयुक्त टोली स्थलगत रुपमा खटिइ त्यस क्षेत्रमा अनुगमन गरिएको थियो। अनुगमनको क्रममा अटो व्यवसायी, स्थानीय व्यापारीहरू तथा बुद्ध इन्टरनेसनल अस्पतालका प्रतिनिधिहरूसँग छलफल तथा अन्तरक्रिया गरिएको थियो।

छलफलका क्रममा सडक अतिक्रमण गरी सवारी पार्किङ नगर्न, अस्पताल परिसरभित्र वा उपयुक्त स्थानमा व्यवस्थित पार्किङको व्यवस्था मिलाउन तथा सेवाग्राहीहरूलाई समेत सो सम्बन्धी सचेतना दिन आग्रह गरिएको छ। साथै, बुद्ध इन्टरनेसनल अस्पताललाई औपचारिक रूपमा पत्राचार गरी पार्किङ व्यवस्थापन सुधार गर्न अनुरोध गरिएको छ। अनुगमन पश्चात सम्बन्धित पक्षहरूले पार्किङ व्यवस्थापनमा सुधार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। आगामी दिनहरूमा समेत यस विषयमा निरन्तर अनुगमन तथा आवश्यक समन्वय गर्दै समस्या समाधानतर्फ पहल गरिनेछ।

अतः उक्त उजुरीको सम्बन्धमा हालसम्म गरिएको कार्यवाही सम्बन्धी विवरण यसै प्रतिवेदनमार्फत पेश गरिएको छ।

घोराही उप-महानगरपालिका
दाङ
दर्ता नं. १०३८८
मिति २०८३/१/२८

..........................
मोहन सिंह सुनार
शाखा प्रमुख
उपभोक्ता हित संरक्षण शाखा
घोराही उपमहानगरपालिका

स्थानीय सरकार

# घोराही उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

मितिः २०८३/०१/२४ गते

पत्र संख्याः

चलानी नं: ६१६५

श्री बुद्ध ईन्टरनेशनल हस्पिटल प्रा.लि.,

घोराही १५, दाङ।

विषयः सवारी पार्किङ व्यवस्थापन सम्बन्धमा।

प्रस्तुत विषय सम्बन्धमा यस कार्यालयमा प्राप्त जनउजुरी अनुसार बुद्ध अस्पतालदेखि निमाहल रोड जोड्ने सडक खण्डमा विशेष गरी अस्पताल नजिक मोटरसाइकल तथा चार पाङ्ग्रे सवारी साधनहरु अव्यवस्थित रूपमा लामो समयसम्म पार्किङ गरिने गरेको पाइएकाले विद्यालय आउने-जाने समय तथा अन्य समयमा समेत विद्यार्थी, सर्वसाधारण तथा सवारी आवागमनमा कठिनाइ उत्पन्न भइरहेको गुनासो प्राप्त भएको छ।

उक्त सडक क्षेत्र सार्वजनिक आवागमनका लागि संवेदनशील क्षेत्र भएकाले सडक पेटी तथा बाटो अवरुद्ध हुने गरी सवारी पार्किङ नगर्न/नगराउन तथा अस्पताल परिसरभित्र वा उपयुक्त स्थानमा व्यवस्थित पार्किङको व्यवस्था मिलाउनुहुन अनुरोध गरिन्छ। साथै, अस्पतालमा सेवा लिन आउने सेवाग्राही तथा सवारी चालकलाई समेत व्यवस्थित पार्किङ सम्बन्धी जानकारी गराई सहयोग गरिदिनुहुन अनुरोध छ।

यस विषयमा आवश्यक समन्वय तथा सहकार्यका लागि घोराही उपमहानगरपालिका सदैव प्रतिबद्ध रहेको जानकारी गराइन्छ।

२०८३/१/२४

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत











